अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०४/०७८/०७९

अध्यक्षताः प्रमुख श्री हरिकुमार राना

मितिः२०७८/०५/२९

**उपस्थितिः**

| | | |
|---|---|---|
| प्रमुख | श्री हरिकुमार राना | उपस्थित |
| उप प्रमुख | श्री कमला खतिवडा आचार्य | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री खिनमान दास | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलमाया दास | उपस्थित |
| कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री रमेशकुमार दर्जी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | उपस्थित |
| कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | उपस्थित |
| कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | उपस्थित |
| प्रमुख प्रशासकीय अधिकृत | श्री अम्बिका प्रसाद चौलागाईं | उपस्थित |
| अधिकृत | श्री चुडामणी निरौला | उपस्थित |
| अधिकृत | श्री डेनजनी आचार्य | उपस्थित |
| सहायक | श्री सौजन कटुवाल | उपस्थित |

**मिति २०७८/०५/२९ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिम निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।**

**१.** अघिल्लो कार्यपालिका बैठकको निर्णय तथा सो को कार्यान्वयनका सम्बन्धमा समिक्षात्मक छलफल गरियो ।

२. कोभिड १९ प्रकोपका कारण सृजना भएको विषम परिस्थितिका कारण जिल्ला प्रशासन कार्यालय, झापाबाट जिल्ला भर निषेधाज्ञा जारी भएको र जिल्लाका सरकारी कार्यालयहरुलाई आलोपालो प्रणालीबाट न्यूनतम कर्मचारी मात्र उपस्थित भएर अत्यावश्यक मात्र कामकाज सञ्चालन गर्न आदेश भएको सन्दर्भमा उक्त अवस्थामा कार्यालयको तत्कालिन अवस्था र आवश्यकता अनुसार न्यूनतम कर्मचारी उपस्थित भएको र कर्मचारी अनुपस्थित भएको दिन कोभिड काज जनाउने व्यवस्था भएकोले झापा जिल्लामा निषेधाज्ञा जारी भएको मिति २०७८/०१/२१ गतेबाट मिति २०७८/०२/३१ गतेसम्म कोभिड १९ र निषेधाज्ञाका कारण नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयमा अनुपस्थित कर्मचारीहरुको एकमुष्ठ रुपमा कोभिड काज जनाउने निर्णय गरियो ।( **प्रशासन** )

**३.** नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत सबै सेवा समूह र प्रकृतिका कर्मचारीहरु कोभिड १९ संक्रमित भई होम आइसोलेसनमा बस्नुपर्ने भएमा त्यस्ता कर्मचारीहरुका लागि निजहरुको पहिलो कोभिड पोजिटिभ आएको मिति बाट रिपोर्ट नेगेटिभ नआएसम्मका लागि अन्य कुनै पनि विदाबाट कट्टा नहुने गरी कोभिड विदा उपलब्ध गराउने निर्णय गरियो ।( **प्रशासन**)

४. अर्जुनधारा नगरपालिकाबाट विनियोजित बजेट कार्यान्वयन गर्ने सन्दर्भमा गठन हुने उपभोक्ता समिति तथा अन्य समितिहरुको खाता सञ्चालनका लागि बैंक खाता खोल्दा कार्यालयबाट सम्बन्धित वडाको सामाजिक सुरक्षा भत्ता वितरणका लागि तोकिएको बैंकमै खाता सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।( **योजना/ आर्थिक प्रशासन/ वडा कार्यालयहरु** )

**५.** अर्जुनधारा नगरपालिकाको नवौं नगर सभाबाट स्वीकृत चालु आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति कार्यक्रम तथा बजेट मिति २०७८/०६/०६ गते एक कार्यक्रम गरी सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।( **योजना/ प्रशासन** )

६. चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गतका योजनाहरु मध्ये उपभोक्ता समितिहरु मार्फत सञ्चालन गरिने योजनाहरु सञ्चालन गर्न २०७८ भाद्र मसान्त भित्र उपभोक्ता समितिहरु गठन गर्ने भनी यस अघिको कार्यपालिकाको बैठकबाट निर्णय भएकोमा उपभोक्ता समितिहरुलाई २०७८ आश्विन पहिलो हप्ता भित्र योजना सम्झौताका लागि कार्यालयमा कागजात पेश गरिसक्न निर्देशन दिने निर्णय गरियो ।( **योजना** )

**७.** अर्जुनधारा नगरपालिकाको राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भए अनुसार अर्जुनधारा नगरपालिकाको प्राकृतिक श्रोत तथा वातावरण संरक्षण ऐन, २०७७ को दफा ३२ को उपदफा

(१) बमोजिम अर्जुनधारा नगरपालिकाबाट सरसफाई सेवा पुगेको क्षेत्रका लागि अनुसुचि १ बमोजिमको सरसफाई सेवा शुल्क स्वीकृत गर्ने निर्णय गरियो ।( **राजश्व/ सरसफाई** )

८. अर्जुनधारा नगरपालिकाको स्वामित्वमा रहेका व्यवसायिक भवनहरुमा वहाल गरी व्यवसाय गर्ने व्यवसायीहरुलाई चालु आर्थिक वर्षको निषेधाज्ञा अवधि भरको वहाल छुट गरिने भन्ने अर्जुनधारा नगरपालिकाको चालु आर्थिक वर्ष २०७८/०७९ को स्वीकृत नीति कार्यान्वयन गर्ने सम्बन्धमा कोभिड १९ प्रकोपका कारण जिल्ला प्रशासन कार्यालय, झापाबाट जारी निषेधाज्ञाको अवधि अन्तर्गत राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा मिति २०७८/०१/२१ गतेबाट मिति २०७८ आषाढ मसान्तसम्मको वहाल विटौरी शुल्क मिनाहा गर्ने निर्णय गरियो ।( **राजश्व** )

९. अर्जुनधारा नगरपालिका वडा नं ७ बस्ने श्री रोमनाथ खनालको घरमा मिति २०७८/०५/२६ गते अकस्मात रुपमा आगलागी भई निजको घर पूर्ण रुपमा जली उक्त परिवारका रोमनाथ खनाल, दुर्गा खनाल र पंकज खनाल आगलागीमा परी गम्भिर घाइते भई हाल किर्तिपुर अस्पताल, किर्तिपुर, काठमाडौंमा उपचाररत रहनु भएकोमा निजहरुको उपचारमा ठूलो खर्च लाग्ने देखिएको र निजको आर्थिक अवस्था कमजोर रहेकाले निजको औषधोपचारका लागि हाललाई नगरपालिकाको विपद् व्यवस्थापन कोषबाट रु ३,००,०००/- (तीन लाख मात्र) सहयोग उपलब्ध गराउने र घाइतेहरुको पूर्ण उपचार र आवश्यक राहतका लागि नेपाल सरकार, गृह मन्त्रालय एवं स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।( **प्रशासन/आर्थिक प्रशासन** )

१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम अर्जुनधारा नगरपालिका क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्रीको अनुसुचि (२) बमोजिमको स्थानीय दररेट स्वीकृत गर्ने निर्णय गरियो ।(**योजना/ प्राविधिक**)

११. नगर कार्यपालिकाको कार्यालयका लेखा अधिकृत श्री रामचन्द्र घिमिरेको सरुवा भई हाल कार्यालयमा लेखा अधिकृत पद रीक्त रहेको र अर्को कर्मचारी सरुवा/ समायोजन भई आइनसकेकाले सरुवा/ समायोजन/ काज वा अन्य व्यवस्थाबाट लेखा अधिकृत हाजिर नहुञ्जेलका लागि कार्यालयका लेखा सहायक श्री गणेशप्रसाद सिटौलालाई लेखा शाखा प्रमुखको जिम्मेवारी दिई निजबाटै खाता सञ्चालन गरी कार्यालयको नियमित कार्य सम्पादनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।( **आर्थिक प्रशासन शाखा** )

१२. यस वर्षको मनसुनको प्रभाव हाल सम्म पनि कायमै रहेको  र खोलामा बाढी आउने क्रम नरोकिएकाले प्राकृतिक प्रकोपको जोखिम समेतलाई मध्यनजर गर्दै अर्को सूचना नहुञ्जेल बिरिङ्ग, टाङटिङ लगायतका अर्जुनधारा नगरपालिका भित्रका र बुद्धशान्ति गाउँपालिकासँग सिमाना जोडिएका खोलाहरुबाट कसैले पनि ढुंगा,  गिटी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन नगर्नु नगराउनुहुन सार्वजनिक सूचना गर्ने, उक्त सूचनाको अवज्ञा गर्ने सवारी साधन पक्राउ गरी त्यस्ता सामाग्री जफत गर्ने र नियमानुसार जरिवाना गर्ने, जरिवाना रकमबाट पक्राउ गर्ने प्रहरीलाई ५० प्रतिशत रकम विशेष प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।(**राजश्व/  आर्थिक प्रशासन** )

**अनुसुचि १**

**(निर्णय नं ७ सँग सम्बन्धित)**

| विवरण | मासिक शुल्क (रु) | वार्षिक शुल्क (रु) |
|---|---|---|
| फलफुल पसल/सब्जी पसल | ४० | ४८० |
| मोटर ग्यारेज सानो | ४० | ४८० |
| मोटर ग्यारेज ठूलो | ७५ | ९०० |
| कपडा, जुत्ता | ४० | ४८० |
| पार्क/बजार/मार्ट/मिनी मार्ट/सहकारी पसल | ७५ | ९०० |
| फार्मेसी/औषधी पसल | ४० | ४८० |
| स्वास्थ्य क्लिनिक | ७५ | ९०० |
| होटल एण्ड लज / रिसोर्ट (घरको बाहेक) | १२० | १४४० |
| होटल/चिया नास्ता पसल | ४० | ४८० |
| घुम्ती पसल (सानो टिनको छाप्रोमा बनेका) | २० | २४० |
| होलसेल पसल | ७५ | ९०० |
| घर तर्फ (प्रति तल्ला) | २० | २४० |
| प्राइभेट एग्रो पसल | ४० | ४८० |
| कृषि एग्रो भेटनरी | ४० | ४८० |
| हस्पिटल/ नर्सिङ्ग होम/ डायनोस्टिक सेन्टर | ४०० | ४८०० |
| सिसा पसल/ हार्डवेयर | ७५ | ९०० |
| आधा ट्याक्टर फोहोर(व्यक्तिगत) | ७५० | |
| आधा ट्रिपर फोहोर (व्यक्तिगत) | १२०० | |
| पुरा ट्याक्टर फोहोर(व्यक्तिगत) | १५०० | |
| पुरा ट्रिपर फोहोर(व्यक्तिगत) | २००० | |
| पान पसल/ ब्युटीपार्लर/ घडी पसल/ मोवाइल पसल/ भाडा पसल | ४० | ४८० |
| माथि नपरेका साना पसल | ३० | ३६० |
| माथि नपरेका अन्य पसल/व्यवसाय | ७५ | ९०० |

अनुसुचि २

(निर्णय नं १० सँग सम्बन्धित)

| वडा न. ६, ९, १०, ११ दुरी ८ कि मि | | |
|---|---|---|
| **बालुवा Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | १८९.४१ | प्रति घन VAT समेत |
| संकलन | २०० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ४८० | प्रति कि. मी. =१५०, जम्मा ८ कि. मी |
| जम्मा | ९८९.४१ | |
| प्रति ट्रयाक्टर | २४७३।५ | |
| **गिट्टी Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | २३९.२५ | प्रति घन VAT समेत |
| संकलन | ४८० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ४८० | प्रति कि. मी. =१५०, जम्मा ८ कि. मी |
| जम्मा | १३१९.२५ | |
| प्रति ट्रयाक्टर | ३२९८ | |
| **ढुङ्गा Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | २३९.२५ | प्रति घन VAT समेत |
| संकलन | ५५० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ७२० | प्रति कि. मी. =१५०, जम्मा १२ कि. मी |
| जम्मा | १६२९.२५ | |
| प्रति ट्रयाक्टर | ४०७३ | |
| **पुरुवा Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | ११९.६२ | प्रति घन VAT समेत |
| संकलन | ० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ४८० | प्रति कि. मी. =१५०, जम्मा ८ कि. मी |
| जम्मा | ७१९.६२ | |
| प्रति ट्रयाक्टर | १७९९ | |

| | |
|---|---|
| | **वडा न. १,२,३,४,५,७,८ दुरी ५ कि मि** |

| **बालुवा Rate analysis** | | |
|---|---|---|
| प्रदेशबाट स्वीकृत कर | १८९.४१ | प्रति घन VAT समेत |
| संकलन | २०० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ३०० | प्रति कि. मी. =१५०, जम्मा ५ कि. मी |
| जम्मा | ८०९.४१ | |
| प्रति ट्र्याक्टर | २०२३।५ | |
| | | |
| **गिट्टी Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | २३९.२५ | प्रति घन VAT समेत |
| संकलन | ४८० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ३०० | प्रति कि. मी. =१५०, जम्मा ५ कि. मी |
| जम्मा | ११३९.२५ | |
| प्रति ट्र्याक्टर | २८४८ | |
| | | |
| **ढुङ्गा Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | २३९.२५ | प्रति घन VAT समेत |
| संकलन | ५५० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ६०० | प्रति कि. मी. =१५०, जम्मा 10 कि. मी |
| जम्मा | १५०९.२५ | |
| प्रति ट्र्याक्टर | ३७७३ | |
| | | |
| **पुरुवा Rate analysis** | | |
| प्रदेशबाट स्वीकृत कर | ११९.६२ | प्रति घन VAT समेत |
| संकलन | ० | प्रति घन |
| लोडिङ | १२० | प्रति घन |
| ढुवानी | ३६० | प्रति कि. मी. =१५०, जम्मा ५ कि. मी |
| जम्मा | ५९९.६२ | |
| प्रति ट्र्याक्टर | १४९९ | |